**निर्णय नं. १३**
सवै वडाहरुमा रहेका नागरिक वडापत्रहरुलाई परिमार्जित गरि नया नागरिक वडापत्र राख्ने निर्णय गरियो ।

**निर्णय नं. १४**
आ.ब. २०७९।०८० मा भएका गाँउकार्यपालिका बैठकका निर्णयहरु र २०८० आसाढ मसान्त सम्मको आय व्यय हिसाबको स्रेस्ता सर्ब सम्मत अनुमोदन गरियो ।

**निर्णय नं. १५**
उपभोक्ता मार्फत आयोजना संचालन गर्दा मूल्यांकन बीलका आधारमा भुक्तानी दिने प्रणाली लागु गरि पेश्की शून्य प्रणाली लागु गर्न र उभोक्ताको लागत सहभागिता न्युनतम १५ प्रतिशत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**
**"कृषि, शिक्षा, स्वास्थ्य, व्यवसाय, रोजगार र पूर्वाधार समृद्ध सम्मरीमाई विकासको आधार"** भन्ने विकास नारालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**
उपभोक्ता मार्फत संचालन हुने आयोजनाहरुलाई अन्तिम बील रकम भुक्तानी गर्दा गा.पा.उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिको प्रतिवेदन र गा.पा. प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरेर मात्र भुक्तानी दिने अनिवार्य वनाउने निर्णय गरियो ।

**निर्णय नं. १८**
यस गा.पा.भित्र संचालन हुने विभिन्न आयोजना तथा कार्यक्रमकोलागि आव्हान गरिएको दरभाउ पत्र, बोलपत्र मूल्यांकन गर्न निम्न बमोजिम मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| संयोजक | : | प्रमुख प्रशाकीय अधिकृत |
| सदस्य | : | प्रशासन शाखा प्रमुख |
| सदस्य | : | योजना प्रमुख |
| सदस्य | : | प्राविधिक प्रमुख |
| सदस्स्य | : | लेखा प्रमुख |
| सदस्य | : | सम्वन्धित विषयका लागि सम्बन्धित इकाई वा शाखा प्रमुख |

**निर्णय नं. १९**
यस गा.पा.भित्र संचालन भई सम्पन्न विकास निर्माण आयोजनाहरुको दिगोपन,उपभोग कर्तालाई अपनत्व ग्रहण गराउने र नियमित मर्मत सम्भारको व्यवस्था मिलाउन उक्त आयोजना तथा कार्यक्रमको फरफारक पछि हस्तानतरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं २०**

यस गा.पा.भित्र संचालन हुने प्रत्येक योजनाबाट मर्मत संभार कोष र कन्टेन्जेन्सि बापत २ (दुई) प्रतिशत रकम कट्टा गरि कोषमा राख्ने र कार्यविधि बनाई खर्च गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २१**

आ.व. २०७९।०८० सम्ममा कार्यालयमा प्राप्त हुन आएका जिन्सी सामाग्रीको जिन्सी निरिक्षण प्रतिवेदन माथी छलफल गरियो । उक्त प्रतिवेदन अनुसार लिलाम र मिन्हा गर्न आवश्यक व्यवस्था मिलाउने अधिकार गाउँ कार्यपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

गाउँपालिकावाट संचालित योजनाहरुमा कम्तिमा १० प्रतिशत लागत सहभागिता/जनसहभागिता र गैरसरकारी संघ सस्थाले कार्यक्रम गर्दा ४० प्रतिशत लागत सहभागिता जुटाउने गरी आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने नि०ाय गरियो ।

**निर्णय नं २३**

सम्मरीमाई गाँउपालिका भित्र संचालित सहकारी, गैर सरकारी संस्था, आमा समुह, क्लबहरु २०८० भाद्र मसान्त भित्र अनिवार्य रुपले दर्ता/सुचीकृत गरेर मात्र संचालन गर्नुपर्ने र प्रत्येक आ.व. को असोज मसान्त भित्र लेखा परिक्षण गरी संस्था नविकरण गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

योजना तथा कार्यक्रम संचालन सम्बन्धमा चैत्र मसान्त पछि कुनै पनि योजना सम्झौता नगर्ने र आषाढ १५ सम्म फरफारक नगरेमा स्वत सम्झौता रद्ध हुने निर्णय गरियो ।

**निर्णय नं. २५**

नयाँ सडक निर्माण गर्दा अनिवार्य रुपमा गाँउपालिका बाट स्वीकृती लिनु पर्ने र सडक दुवै तर्फ ३,३ फुट नालि छाडेर न्युनतम २० फुट सडक हुने गरि व्यवस्था मिलाउने निर्णय गरियो । सडक निर्माण गर्दा सडकमा पर्ने जग्गा कसैको हकभोग स्वामित्वको जग्गा भएमा वा सानो सडकलाई २० फुट चौडा र ३,३ फुट नालि बनाउने गरि व्यवस्था मिलाईएमा त्यस वापत प्राप्तहुने जग्गाको कुनै पनि क्षतीपूर्ति दिईने छैन ।

**निर्णय नं. २६**

राष्ट्रिय भवन निर्माण संहिता २०६० र भवन निर्माण सम्बन्धि मापदण्ड २०७२ वमोजिमको मापदण्ड अनुसारको घर तथा भवनहरु निर्माण गरिने छ। कृषी क्षेत्रमा टाउन प्लानको लागि स्वीकृती नदिने र जथाभावी सडकको ट्र्याक खोल्न नदिने निर्णय गरियो ।

**निर्णय नं. २७**

गाँउसभाको तयारीको लागि यस पालिकामा कार्यरत कर्मचारीहरुले एक महिना सम्म विहान र साँझ समेत काम गर्नुपर्ने भएकोले सभा तयारीमा खट्ने कर्मचारीहरुलाई मूल्याङ्कन गरि बढिमा एक महिनाको तलव वरावरको रकम भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २८**

सम्मरीमाई गाँउपालिकालाई वाताबरण मैत्री बनाउन तथा विपद् व्यावस्थापन गर्नका लागि सम्बन्धीतनिकाय संग समन्वय र सहकार्य गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

आर्थिक वर्ष २०७९।०८० देखि यस सम्मरीमाई गाउपालिकाले साझेदारी कार्यक्रम संचालन गर्दा देहायका कार्यक्रमहरुलाई प्राथमिकतादिई अन्य संस्थाहरुसँग साझेदारी गर्ने निर्णय गरियो ।

**तपशिल**

१. व्यवसायिक कृषिकार्यक्रम (तरकारी, फलफुल, कुखुरापालन, पशुपालन) सम्मरीमाई वडा नं १ देखी वडा नं ७ सम्म ।
२. लघु उद्यम कार्यक्रम (दुग्ध उद्योग) पेडा, दही, खुवा, घिउ, पनिर, आईसक्रिम, चकलेट, सिलाई बुनाई, बुटिक, अचार, दालमोट, अगरवत्ती, मैनवत्ती, फाईवर झोला सम्मरीमाई वडा नं १ देखी ७
३. पर्यटन उद्यम (होमस्टे ,माछा पालन, गिफ्ट उद्यम , होटल कुक तालिम , पर्यटन पथ प्रर्द्धशन तथा भाषा प्रशिक्षण तालिम) सम्मरीमाई वडा नं १ देखी ७
४. युवाहरुलाई मो.सा.मर्मत, मोबाईल मर्मत, तालिम संचालन गर्न सहकार्य गर्ने ।

**निर्णय नं. ३०**

यस सम्मरीमाई गाउँपालिकाको अघिल्लो गाउँसभाबाट स्वीकृत भएको संगठन तथा ब्यवस्थापन सर्वेक्षणलाई सामान्य पुनरावलोकन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

यस सम्मरीमाई गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई बर्षको ४ पटक मूल्याङकन गरी उनीहरुको कार्यक्षमता र मूल्याङकनका आधारमा १० देखि ५० प्रतिशत सम्म प्रोत्साहन खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**कार्य सम्पादन मूल्याकनका सूचकहरु**

| | |
|---|---|
| हाजिरी र समयपालन | ५ |
| नियमित प्रतिवेदन | ५ |
| अनुशाशन र जावफदेहिता | ३ |
| सेवाग्राही प्रतिको व्यवहार | २ |
| कार्यकक्षको सरसफाइ, व्यवस्थापन र पोशाक | ३ |
| कार्य तत्परता र उत्सुकता | २ |
| अतिरिक्त समयमा गरेको काम | ७० |
| अभिलेख व्यवस्थापन | ५ |
| लिखित वा मौखिक गुनासो भए नभएको | ५ |

**निर्णय नं. ३२**

योजना तथा कार्यक्रमहरुको संचालन गर्दा चालु आ. ब. को जिल्ला दररेटलाई आधार लिई गाउँपालिका स्तरिय दररेट विश्लेषण अनुसार भुक्तानी गर्ने गरि निर्णय गरियो ।

**निर्णय नं. ३३**
यस सम्मरीमाई गाउँपालिकाको सुबिधा सम्पन्न भवन सौन्दर्यीकरण एवम कम्पाउण्ड निर्माण तथा पार्किङ्ग र चमेना गृहको ब्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**
गाँउपालिकालाई आवश्यक पर्ने बिभिन्न नियम तथा कार्यबिधि स्वीकृत गर्ने बिभिन्न समिती तथा उपसमिती गठन गर्ने अधिकार गाउकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**
सम्मरीमाई गाउँपालिकाको क्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, पर्यटकीय, क्षेत्रहरुको, संरक्षण,संर्बधन र ब्यवस्थापन गर्न आवश्यक स्रोत साधनको लागि सम्बन्धित निकायहरुमा माग गर्ने  निर्णय गरियो ।

**निर्णय नं. ३६**
सम्मरीमाई गाउँपालिकाको १३औ गाउँ सभाबाट स्वीकृत भएका आ.ब.२०८०।०८१ का बजेट अनुसारका कार्यक्रम कार्यान्वयन गर्न समास्या भएमा तथा बजेट घटबढ भई आएमा कार्यक्रम संशोधन आगामी १४औ गाउँसभाबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७**
सम्मरीमाई गाँउपालिकाको शहरी क्षेत्रको सौन्दर्य अभिबृद्धि गर्न र सडक बत्ती ब्यवस्थापन गरी सुरक्षा समेत स्थापित गर्न उद्योगी ब्यवसायी तथा समुदायको लागत सहभागितामा मूल सडकहरु र औद्योगिक क्षेत्रमा प्रवेश गर्ने सडकहरुमा सौर्य सडक बत्ती संचालन गर्ने निति अवलम्बल गर्ने  र सहयोगको लागि नेपाल सरकार बाट आवश्यक रकम उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**
सम्मरीमाई गाउपालिकाको आ.ब.२०७९।०८०को लागि बिभिन्न शीर्षकहरुमा बिनियोजित बजेट तथा कार्यक्रमहरुमा भएको सम्पूर्ण खर्चलाई अनुमोदन गरियो ।

**निर्णय नं ३९**
सेवाग्राहीहरुको कामको चापलाई ध्यानमा राखि स्वीकृत दरबन्दीमा अति आवश्यक पर्ने कार्यालय संचालन गर्न सेवा करार वा दैनिक ज्यालादारीमा कर्मचारी ब्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४०**
गाँउपालिकाको आन्तरिक आम्दानीलाई असुल गर्दै एक समृद्ध आत्म निर्भर गाँउपालिका बनाउनको लागि कर संकलनको कार्यलाई उच्च प्राथमिकतामा राखने र आगामी आ.ब.२०८०।०८१ को श्रावण देखि कर लिने निर्णय गरियो ।

**निर्णय नं ४१**
घरहरु निर्माण गर्दा सडक मापदण्ड अनुसार सडक क्षेत्र  सेडब्याक छोडेर राष्ट्रिय भवन माप दण्ड अनुसार भूकम्पीय सुरक्षित घर बनाउनु पर्ने ब्यवस्था लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४२**

यस सम्मरीमाई गाउँपालिका वडा नं.१ देखि ७ सम्म कार्यरत रहेका सामाजिक परिचालकहरुको २०८० साल आषाढ मसान्तमा म्याद सकिने भएको हुदा वडामा काम गर्न अप्ठयारो हुने भएको र साथै निजहरुको काम र क्षमता समेत ध्यान दिदा निजहरुबाट सेवा लिनु पर्ने महसूस गरिएकाले कार्यालय सहायकको समेत जिम्मेवारी दिई आगामी २०८१ आषाढ मसान्त सम्मका लागि सेवा करारमा लिई कामामा लगाउने निर्णय गरियो ।

| | |
|---|---|
| वडा नं.१ श्री सुनीलकुमार श्रीवास्तव , | वडा नं.२ श्री शिव प्रसाद कोहार |
| वडा नं.४ श्री बालगोबिन्द गुप्ता | वडा नं.५ श्री सुग्रीव परासर , |
| वडा नं.६ श्री मनिषा आर्य | वडा नं. ७ श्री मालती धवल |

**निर्णय नं. ४३**

आम नागरिकलाई सूचनाको हक प्रदान गर्ने तथा सुशासन प्रदान गर्ने उद्देश्यले यस गाउँपालिकाका सबै वडाहरुमा उजुरी पेटिका राखी नियमित रुपमा खोल्ने खुलाउने निर्णय गरियो ।

**निर्णय नं. ४४**

स्थानीय तह गाउँपालिकामा निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरु कामको दौरानमा अहोरात्र फिल्डमा खटिने बिभिन्न निकाय संघ संस्थाहरु संग समन्वय र सहकार्यमा रही रहनु पर्ने तथा अनुगमन र प्रशासकीय निरन्तरतामा रहनु पर्ने भएको हुदा अनुसुची २ बमोजिमको खर्च दिने निर्णय गरियो ।

**निर्णय नं. ४५**

यस गाउँपालिकाको १३औं गाउँसभाबाट पास भएको बजेट नीति तथा कार्यक्रम अर्न्तगतका स्वीकृत कार्यक्रम तथा आयोजनाहरु उपभोक्ता समितिहरु सम्झौता गर्न नआएर वा अन्य बिबिध कारणले सोही आर्थिक बर्षमा कार्यान्वियन हुन नसक्ने अवस्था आएमा अन्य कार्यक्रम तथा आयोजनामा थप गर्न ,योजनाको नाम संशोधन वा पास भई आएका नयाँ आयोजनामा रकम बिनियोजन गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४६**

यस सभामा निर्णयार्थ प्रस्तुत भएका देहायका कार्यबिधि /निर्देशिका, प्रतिबेदनहरुलाई अनुमोदन गरियो ।

आर्थिक सहायता तथा सामाग्री बितरण कार्यबिधि,२०८०
आन्तरिक पर्यटन सम्बन्धी कार्यबिधि,२०८०
मेलमिलाप केन्द्र ब्यवस्थापन कार्यबिधि,२०८०
कृषि ब्यवसाय प्रबर्धन ऐन,२०८०
राजस्व परामर्श समितिको प्रतिबेदन -२०८०
स्रोत अनुमान समितीको प्रतिबेदन -२०८०
आधारभूत तह (कक्षा ८) परीक्षा संचालन तथा ब्यवस्थापन कार्यबिधि,२०८०

**निर्णय नं. ४७**

साबिकका गा.बि.स. तथा हालका वडाले बिगत आ.ब. को बाँकी रहेको पेश्की फछ्र्यौट तदारुकताका साथ गर्ने ,साथै पेश्की माथि पेश्की नदिन एवं चालु आ.ब.को पेश्की सोही आ.ब.मा फछ्र्यौट गराउने ब्यवस्था मिलाउन गाउँकार्यपालिका र वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४८**
गाउँपालिका कार्यालयले पेश गरेका जिन्सी निरिक्षण सहितको अभिलेख बिबरण माथी छलफल गरी ब्यवस्थीत तरिकाले भण्डारण र लेखांकन गर्न सुझाव दिईयो ।

**निर्णय नं. ४९**
गाउँपालिका र वडा कार्यालयबाट संचालित योजना खर्चको फरफारक र अनुमोदन गर्ने अधिकार गाउँकार्य पालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५०**
यस गाउँपालिका अर्न्तगत हुने संभावित प्रकोपलाई  मध्यनजर राखी गाउँपालिकाको अवस्थालाई समेत ध्यान दिई प्रहरी प्रतिबेदन ,वडा कार्यालयको सिफारिश, सम्बन्धित ब्यक्तिको निबेदन र ना.प्र.प.को फोटोकापी संलग्न राखी अनुसुची ३ बमोजिमको सीमा ननाघ्ने गरी गाउँपालिकाबाट राहत सहयोग उपलब्ध गराउने र सोको जानकारी  बैठकमा गराउने निर्णय गरियो ।

**निर्णय नं. ५१**
गै.स.स.लगायत अन्य निजि क्षेत्रबाट हाल गाउँ सभामा कुनै बजेट कार्यक्रम पेश हुनन आएको हुदाँ पछि पेश हुन आएमा कार्यक्रम उचित र प्रभावकारिता हेरी गाउँकार्यपालिकाले स्वीकृती दिई संचालन गर्ने तर त्यस्ता कार्यक्रमको अनुगमन जाँचपास फरफारक समेत गाउँकार्यपालिकाबाट गर्ने र बार्षिक प्रगति तयार सार्बजनिकीकरण गर्न लगाउने गाँउकार्यपालिका बोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ५२**
प्रदेश सरकारबाट बित्तिय बाँडफाड तथा अन्यप्रकृयाबाट हस्तान्तरण तथा थप भई आउने बजेट तथा कार्यक्रमको बिनियोजन तथा खर्च गर्न कार्यपालिका बोर्डलाई अधिकार  प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५३**
ऐन नियम ,कार्यबिधी ,बिनियमावली लगायत त्यसमा अत्यावश्यक बिषयमा आवश्यक निर्णय लिन परेमा गाउँकार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४**
सम्मरीमाई गाउँकार्यपालिकाको कार्यालय रुपन्देहीबाट सम्पादनहुने बिभिन्न कार्यक्रमहरुका लागि तालिम खर्च सम्बन्धि मापदण्ड अनुसुची ४ बमोजिम लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५५**
सम्मरीमाई गाउँपालिका क्षेत्र भित्र रहेको तटिय क्षेत्रको संरक्षण संबर्द्धन र बिकासका लागि सम्बन्धित तटिय क्षेत्रबाट आन्तरिक श्रोत स्वरुप उठेको रकमको २५ % रकम सम्बन्धित तटिय क्षेत्रको प्रभावति क्षेत्रलाई बिनियोजन गर्न गाउँकार्य पालिकाबोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५६**

उपभोक्ता समितिबाट गुणस्तरीय रहने कार्य संचालन गर्न नसक्ने किसिमका आयोजनाहरु तथा कार्यक्रमलाई गाउँप(ालिकाले निश्चित मापदण्ड र प्रकृया पुऱ्याई ठेक्का पट्टाबाट समेत संचालन गर्न गराउन गाउँकार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५७**

वडा समिति ,एकीकृत योजना तर्जुमा समिति हुदै सिफारिस तथा प्राथमिकीकरण भई आएका योजना तथा कार्यक्रम स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५८**

अतिआवश्यक सेवाका गा पा का सरकारी सवारी साधन गा. पा.बाट मर्मत सम्भार गर्ने गराउने र अन्य सरकारी सवारी साधन प्रयोगकर्ता स्वयंले मर्मत सम्भार गराउने निर्णय गरियो ।

**निर्णय नं. ५९**

कृषि,शिक्षा,पशुसेवा, तथा स्वास्थ्य संस्था संचालन तथा कार्यक्रमका लागि प्राप्त शसर्त अनुदान योजना तथा कार्यक्रमलाई अनुमोदन गरियो ।

**निर्णय नं. ६०**

यस गाउँपालिकामा संचालन हुने योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गरी प्रतिबेदन पेश गर्न तपसिलका पदाधिकारी रहने गरी अनुगमन तथा मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. गाउँपालिका उपाध्यक्ष संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत सदस्य
३. सम्बन्धित वडामा रहेको योजनाकोलागि सम्बन्धित वडाको वडाध्यक्ष सदस्य
४. प्राबिधिक शाखा प्रमुख सदस्य
५. आर्थिक शाखा प्रमुख सदस्य
६. कार्यपालिका सदस्य बिनोद कुमार बरुण सदस्य
७. कार्यपालिका सदस्य सुभरमती अहिरनी सदस्य
८. योजना शाखा प्रमुख सदस्य सचिव

यस समितिमा गा.पा.अध्यक्ष एवं बिषय बिशेषज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ ।

**निर्णय नं. ६१**

यस गाउँपालिका अर्न्तगत गतबर्ष देखि आर्युबेदिक औषधालय संचालनमा रहेकोले यस क्षेत्रका जनताहरु दिनानु दिन आर्युबेद उपचार तर्फ उन्मुख रहेको हुदा २०८० श्रावण देखि २०८१ आषाढ मसान्त सम्मको लागि अवनिश कुमार यादव(कविराज)को म्याद थप गर्ने निर्णय गरियो । र सोको सम्पूर्ण ब्यवस्थापन गाउँपालिकाले गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६२**

यस गा.पा.मा करार सेवा अन्तर्गत सेवा गर्दै आएका ई.रामदेव गुप्ता, सु.प्र.अधिकृत सुमन्त गौड, कृषि अधिकृत सुरज पाण्डेय, एम.आइ.एस अपरेटर रामकेश मौर्य, फिल्ड सहायक प्रदीप कुमार दुबे, प्राबिधिक सहायक अनिल कुमार कुर्मी ,ना.प्रा.स.प्रदीप शर्मा, कृषि बिकास शाखाका महेन्द्र हरिजन उद्यम बिकास सहजकर्ता दीपा बस्नेत, कृष्ण वली, कृषि बिकास शाखा तथा पशु सेवा शाखा अन्तर्गतका प्राबिधिक कर्मचारीहरु लवकुश त्रिपाठी, श्यमसुन्दर बरुण ,बब्लु केवट, प्रदीप मौर्य,खेमराज बेल्दार, का.सहयोगी रमेश यादव, विन्द ब.हरिजन, राजेश कुर्मी, शिवदास कुर्मी, रामलगन यादव, प्रदीप नाउ, गीता सिहं, सदानन्द कुर्मी र अजय गुप्ता, सवारी चालक अब्दुल कलाम खान समेत र स्वास्थ्य संस्था बर्थिङ्ग सेन्टर ,ल्यावमा कार्यरत कर्मचारीहरुको म्याद २०८१ आषाढ मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो । र साथै पहिला देखि यस गाउँपालिकामा सवारी चलाउदै आएका हलुका सवारी चालक प्रेम बहादुर रानालाई आवश्यक ब्यवस्थापन गर्ने निर्णय गरियो । यस गाउपालिकामा स्वीकृत दरबन्दी भित्र रहेका दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिने निर्णय गरियो । यस गाउँपालिकामा स्वीकृत दरबन्दी भित्र रहेका दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ६३**

आ.व.०७८।०७९ को म.ले.प.प्रतिवेदनबारे छलफल गरियो । लेखा परीक्षणमा औल्याईएका पेश्की बेरुजु फर्छ्यौंट तर्फ पहल गर्ने निर्णय भयो ।

**निर्णय नं. ६४**

यस गा.पा.भित्र मदिरा सेवन गरी हो हल्ला ,लैगिक हिंसा गरी समाजलाई बिकृतितर्फ उन्मुख गराई रहेकोले मदिरा जन्य पदार्थ बिक्री बितरणमा नियन्त्रण र ब्यवस्थापन गर्न आवश्यक देखिएकोले निम्नानुसार गर्ने निर्णय गरियो ।

**तपसिल**

क. मुल्य अभिबृद्धि करमा दर्ता नगरी मदिरा बिक्री बितरण गर्न नपाउने ।
ख. १६ बर्ष भन्दाकम उमेर भएका बालबालिकालाई मदिरा र सुर्ति जन्यपदार्थ खरिद र बिक्रीमा प्रयोग गर्न नपाउने ।
ग. मदिरा जन्यपदार्थ राती ९ बजे देखि अर्को दिन अपरान्ह १२ बजे सम्म बिक्रीबितरण गर्न नपाउने ।
घ. गाउँपालिकाको स्वीकृती बिना मदिरा जन्यपदार्थ बिक्री बितरण गर्न नपाउने ।
ङ. माथि उल्लेखित बुदाको उल्ङघन गर्नेलाई रु.५०००।- देखि १००००।- सम्म जरिवाना नियमानुसार आवश्यक कार्यवाही हुने वा दुबै हुन सक्ने ।

**निर्णय नं. ६५**

चालु आ.व.२०८०।८१ का लागि शशर्त बजेट तथा कार्यक्रममा सार्वजनिक निर्माण (स्वास्थ्य सेवा) तर्फ खोप तथा गाउँ घर क्लिनिक निर्माणका लागि रु.१,२५,००,०००।०० र बेतकुईयाँ स्वास्थ्य चौकी भवन निर्माणका लागि रु.२५,००,०००।०० प्राप्त भएकोमा सो बेतकुईयाँ स्वास्थ्य चौकी भवन निर्माणका लागि रु.२५,००,०००।०० लाई खोप तथा गाउँ घर क्लिनिक निर्माण र  खोप तथा गाउँ घर क्लिनिक निर्माणका लागि रु.१,२५,००,०००।०० बाट बेतकुईयाँ स्वास्थ्य चौकी भवन निर्माण गर्न सम्बन्धित निकाय/मन्त्रालयमा संशोधनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६६**
उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्दा गराउदा सम्बन्धित टोलबासीहरुलाईपूर्ब सूचना गरी वडा सचिव र वडा सदस्य वा पदाधिकारीको रोहबरमा योजनाको लाभग्राही मध्येबाट उपभोक्ता समिति र अनुगमन समिति गठन गर्नुपर्नेछ। निर्माण स्थलमा अनिवार्यरुपमा होर्डिगंबोर्ड राख्नुपर्नेछ।
निर्णय नं ६७ यस सम्मरीमाई गा.पा.को बाहौ गाउँ सभाबाट स्वीकृत भएको कर्मचारी संगठन तथा ब्यवस्थापन प्रतिबेदन २०७९ मा प्रस्तावित दरबन्दीमा प्रशासकीय अधिकृत नवौलाई संशोधन गरी सातौ /आठौ, हल्का सवारी चालकको सेवा समुह इन्जिनियरिंग मेकानिकललाई प्रशासन गर्ने निर्णय गरियो। र तपसिल बमोजिम प्रस्तावित दरबन्दी सम्मरीमाई गा पा को ओ. एण्ड एम. सर्बे अनुसार स्वीकृतीको लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ६८**

(क) यस प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिका अर्न्तगतका सामुदायिक विद्यालय तथा मदरसाहरुमा कार्यरत गाउँपालिका स्वयं शिक्षक तथा कर्मचारीहरुको शुरु नियुक्ति तत्कालिन जिल्ला शिक्षा कार्यालय र विद्यालय वाट पी.सी.एफ शिक्षकमा नियुक्ति प्राप्त गरी गाउँपालिका वाट ज्यालादारीमा कार्यरत रहेका शिक्षकहरुको शुरु नियुक्तिका आधारमा सेवा करारमा आ.ब. २०८०/०८१ का लागि नियुक्ति निरन्तरता दिने निर्णय गरियो।

(ख) प्राथमिक तहमा दरबन्दी शुन्य भई शिक्षण सिकाई अनुदानमा बिद्यालयबाट नियुक्ति प्राप्त गरी कार्यरत रहेका शिक्षकहरुको शर्शत अनुदान संघीय सरकारबाट काटिएको दरबन्दी समेत तहाँ प्राप्त नभएको बिद्यालयको पठनपाठन समेतमा प्रभाव नपर्ने गरी निज शिक्षकहरुको प्राथमिक तह गाउँपालिका स्वयंसेवक शिक्षक सरह नियुक्ति निरन्तरता दिने निर्णय गरियो।

(ग) गाउँपालिकाको स्रोतबाट पारिश्रमिक पाउने गरी दैनिक ज्यालादारीमा नियुक्ति प्राप्त गरेका शिक्षकहरु मध्ये तह श्रेणी नखुलेका अध्यापन अनुमति पत्र प्राप्त भएको तह अनुसार मुख्य विषयको आधारमा सम्बन्धित विद्यालय ब्यवस्थापन समितिको सिफारिसमा उक्त तहको शिक्षकको सेवा करारमा आ.ब. २०८०/०८१ का लागि नियुक्ति निरन्तारता दिने गारियो।

(घ) ज्यालादारीमा कार्यरत गा.पा. स्वयंसेवक शिक्षकहरुको तह श्रेणी नखुलेको प्राथमिक तहको मात्र अनुमतिपत्र भएको अवस्थामा सोही अनुमति पत्रको आधारमा नियमन गरी आ.व. २०८०/०८१ का लागि नियुक्ति निरन्तरता दिने निर्णय गरियो र अध्यापन अनुमति पत्र प्राप्त नगरेका शिक्षकहरुको हकमा एक पटकको लागि मात्र नियुक्ति निरन्तरता दिई सम्बन्धित शिक्षक र विद्यालयलाई सचेत गराउने निर्णय गरियो।

(ङ) विद्यालयको स्रोतबाट नियुक्ति प्राप्त गरि कार्यरत रहेका कर्मचारीहरुको विद्यालयको आवश्यकता र सिफारिस अनुसार गाउँपालिकाबाट प्रदान गर्दै आएको प्रोत्साहन उपलब्ध गराउदै नियुक्ति निरन्तरता दिने निर्णय गरियो।

## तालिका नं. १६ गाउँपालिकाको प्रस्तावित दरवन्दी

| क्र. सं. | शाखा/उपशाखा/इकाई | पद | तह | सेवा/समूह | प्रस्तावित दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका कार्यालय | प्रमुख प्रशासकीय अधिकृत | सातौं, आठौं | प्रशासन (सा.प्र.) | १ | |
| १.१ | **प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा** | प्रशासकीय अधिकृत | छैठौं/ सातौं | प्रशासन (सा.प्र.) | १ | |
| १.२ | सामान्य प्रशासन तथा मानव संशाधन उपशाखा | अधिकृत | छैठौं/ | प्रशासन (सा.प्र.) | १ | |
| | | सहायक | पाचौं | प्रशासन (सा.प्र.) | ४ | |
| | | हल्का सवारी चालक | प्रथम | प्रशासन (सा.प्र.) | ३ | |
| | | कार्यालय सहयोगी | तह विहिन | प्रशासन | ८ | |
| | | माली | तह विहिन | प्रशासन | २ | |
| | | सरसफाइ कर्मचारी | तह विहिन | प्रशासन | २ | |
| | | पाले | तह विहिन | प्रशासन | ३ | |
| १.३ | दर्ता चलानी तथा नागरिक सहायक इकाई | प्रशासन सहायक | चौथो | सामान्य प्रशासन | १ | |
| १.४ | नगर प्रहरी इकाई | नगर प्रहरी प्रमुख | चौथो | प्रशासन | १ | |
| | | नगर प्रहरी | तह विहिन | प्रशासन | १४ | |
| १.५ | सचिवालय | प्रशासन सहायक | चौथो | प्रशासन (सा.प्र.) | २ | |
| | कम्प्युटर अपरेटर | | पाँचौं | विविध | १ | |
| १.६ | सम्पत्ती तथा जिन्सी व्यवस्थापन उपशाखा | व्यवस्थापन सहायक | चौथो/ पाँचौं | प्रशासन (सा.प्र.) | १ | |
| १.७ | न्याय तथा समन्वय उपशाखा | नायब सुव्वा | पाचौं | न्याय | १ | |
| **२** | **आर्थिक प्रशासन शाखा** | आर्थिक प्रशासन प्रमुख | सातौं/ आठौं | प्रशासन (लेखा) | १ | |
| २.१ | लेखा व्यवस्थापन उपशाखा | लेखा सहायक | पाँचौ | प्रशासन (लेखा) | १ | |
| २.२ | राजश्व उप शाखा | राजश्व सहायक | पाँचौं | प्रशासन राजश्व | १ | |
| २.३ | आन्तरिक लेखापरिक्षण उपशाखा | आ. ले. प.सहायक | पाँचौ | लेखा परिक्षण | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | **शिक्षा तथा समाजिक विकास शाखा** | शाखा अधिकृत | सातौं/ आठौं | शिक्षा प्रशासन | १ | |
| ३.१ | विद्यालय प्रशासन उपशाखा | प्राविधिक सहायक | पाँचौं | शिक्षा प्रशासन | १ | |
| ३.२ | महिला, बालबालिका तथा समाज कल्याण उपशाखा | सहायक महिला विकास निरिक्षक | चौथो | विविध | १ | |
| ३.३ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा इकाई | पञ्जीकरण तथा सामाजिक सुरक्षा सहायक | पाँचौं | प्रशासन, सा. प्र. | १ | |
| | | फिल्ड सहायक | चौथो | प्रशासन, सा. प्र. | १ | |
| ३.४ | स्वास्थ्य तथा जनसंख्या उपशाखा | जन स्वास्थ्य निरिक्षक/जन स्वास्थ्य निरिक्षक | छैठौं/ छैठौं | स्वास्थ्य | १ | |
| | | नर्सिङ्ग निरिक्षक | छैठौं/ सातौं | प.हे.न. | १ | |
| | | तथ्याङ्क सहायक | चौथो | स्वास्थ्य | १ | |
| | | पोषण सहजकर्ता | चौथो | प्रशासन स्वास्थ्य | १ | |
| ३.५ | आधारभुत अस्पताल | मेडिकल अधिकृत | सातौं/ आठौं | स्वास्थ्य | १ | |
| | | तथ्याङ्क सहायक | चौथो | विविध | १ | |
| ३.६ | आयूर्वेद औषधालय | कविराज | पाँचौ/ छैटौं | आयूर्वेद | १ | |
| | | वैद्य | चौथो | आयूर्वेद | १ | |
| | | कार्यालय सहयोगी | तह विहिन | प्रशासन | १ | |
| ४ | **पूर्वाधार विकास शाखा** | ईञ्जिनियर | सातौं/ आठौं | सिभिल ईन्जिनियर | १ | |
| ४.१ | पूर्वाधार विकास उपशाखा | ईञ्जिनियर | छैठौं | सिभिल ईन्जिनियर | २ | |
| | | सब इञ्जिनियर | पाँचौ | सिभिल ईन्जिनियर | ४ | |
| | | खा.पा.स.टे. | चौथो/ पाँचौ | ईन्जिनियर/ सेनेटरी | १ | |
| ४.२ | योजना तथा अनुगमन उपशाखा | योजना तथा अनुगमन सहायक | चौथो/ पाँचौ/ छैठौं | प्रशासन | २ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.३ | घरनक्सा जग्गा जमिन इजाजत इकाई | अमिन | पाँचौ | नापी सर्वेक्षक | १ | |
| ४.४ | सूचना प्रविधि तथा अभिलेख उपशाखा | सूचना प्रविधि तथा अभिलेख | छैठौं/ सातौं | सूचना प्रविधि | १ | |
| | | व्यवस्थापन अधिकृत | | | | |
| | | सूचना प्रविधि सहायक | चौथा/ पाँचौ | कम्प्यूटर | १ | |
| ५ | **आर्थिक विकास शाखा** | कृषि विकास अधिकृत | सातौं/ आठौं | प्रशासन | १ | |
| ५.१ | कृषि विकास उपशाखा | कृषि विकास अधिकृत | छैठौं/ सातौं | कृषि | १ | |
| ५.२ | पशुपंक्षी विकास उपशाखा | कृषि सेवा (भेट) पशु/पशुपंक्षी अधिकृत | आठौ/ नवौं | पशु | १ | |
| ५.३ | | सहायक (पशु स्वा.प्रा.) | पाचौं | कृषि सेवा भेट | १ | |
| ५.४ | | सहायक (पशु से.प्रा.) | पाचौं | कृषि सेवा लापोडेडे | १ | |
| ५.५ | | सहायक (प्रा.स.) | पाचौं | कृषि सेवा मत्स्य | १ | |
| ५.६ | सहकारी तथा उद्योग प्रवर्द्धन उपशाखा | सहकारी तथा उद्योग प्रवर्धन सहायक | चौथो/ पाचौं | प्रशासन (सा.प्र.) | १ | |
| ५.७ | वातावरण, सरसफाइ तथा विपद व्यवस्थापन उपशाखा | वाश संयोजक | चौथो/ पाँचौं | वातावरण | १ | |
| | | | | **गाउँपालिकाको जम्मा:** | **८६** | |